कम्पनी द.नं. १२९६/०६७/०६८
इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/२२/०६८/०६९

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
# Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था)

च.नं.: ५८९/०८२/८३

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
काठमाण्डौं ।

मिति : २०८२/१०/१३

**विषय : चौधौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्यूट) सम्बन्धमा ।**

महोदय,

यस वितीय संस्थाको २०८२ पौष ३० गते (तदनुसार १४ जनवरी, २०२६) बुधबारका दिन महालक्ष्मी नगरपालिका वडा नं.- ८, लुभु, ललितपुर स्थित लुभु पार्टी प्यालेस एण्ड क्याटरिङ्ग सेण्टरमा सम्पन्न चौधौं वार्षिक साधारण सभाको निर्णय तथा कामकारबाहीको विवरण (माइन्यूट) तहाँको जानकारीका लागि यसै साथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

संलग्न
१.चौधौं वार्षिक साधारण सभाको निर्णय तथा कामकारबाहीको विवरण (माइन्यूट)– ६ पाना

भवदीय,

प्रमेश आचार्य
कम्पनी सचिव

केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक । कर्पोरेट कार्यालय : महालक्ष्मी-४, ललितपुर, फोन : ०१-५९१२७५२, ५९१२७५३
info@swmfi.com.np
www.swmfi.com.np

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

## चौधौं वार्षिक साधारण सभाको निर्णय तथा कामकारबाहीको विवरण (माइन्यूट)

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड (प.लि.नं.१२९६/०६७/६८) को सञ्चालक समितिका अध्यक्ष श्री लेखनाथ खनियाको अध्यक्षतामा मिति २०८२ साल पौष ३० गते (तदनुसार १४ जनवरी २०२६) बुधबार दिउँसो १२:५० बजे देखि दिउँसो २:४५ बजेसम्म लुभु पार्टी प्यालेस एण्ड क्याटरिङ्ग सेण्टरको सभाहल, महालक्ष्मी नगरपालिका वडा नं. ८, लुभु, ललितपुरमा सम्पन्न भएको चौधौं वार्षिक साधारण सभाका निर्णयहरु तथा अन्य कामकारवाही समेतको निर्णय पुस्तिका विवरण (माइन्यूट) देहाय बमोजिम रहेको छ ।

**१. उपस्थिति :**

**क. सञ्चालकहरुको उपस्थिति :**

| क्र.सं. | सञ्चालकको नाम | पद | उपस्थिति |
|---|---|---|---|
| १. | श्री लेखनाथ खनिया | अध्यक्ष | स्वयम् उपस्थित |
| २. | श्री बिन्दीया श्रेष्ठ प्रधान | सञ्चालक | भिडियो कन्फरेन्स मार्फत उपस्थित |
| ३. | श्री अनन्त कुमार श्रेष्ठ | सञ्चालक | स्वयम् उपस्थित |
| ४. | श्री दधि राम पौड्याल | सञ्चालक | स्वयम् उपस्थित |
| ५. | श्री शिव प्रसाद मिश्र | सञ्चालक | स्वयम् उपस्थित |
| ६. | श्री कमल भण्डारी | सञ्चालक | स्वयम् उपस्थित |
| ७. | श्री माधव प्रसाद भट्ट | स्वतन्त्र सञ्चालक | स्वयम् उपस्थित |

**ख. सम्बन्धित निकायका प्रतिनिधिको उपस्थिति :**

१. श्री दिवस राई, प्रतिनिधी – कम्पनी रजिष्ट्रारको कार्यालय
२. श्री यादव बहादुर चौंलागाँई, कनिष्ठ अधिकृत – कुमारी क्यापिटल लिमिटेड

**ग. पदाधिकारीको उपस्थिति :**

१. श्री मोक्ष प्रसाद पंगेनी, प्रमुख कार्यकारी अधिकृत
२. श्री प्रमेश आचार्य, कम्पनी सचिव

**घ. शेयरधनीको उपस्थिति तथा प्रतिनिधित्व प्रतिशत :**

सभामा शेयरधनी स्वयं तथा प्रोक्सी मार्फत ५२.१४ प्रतिशत उपस्थिति रह्यो ।

| विवरण | कुल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थिति | | | जम्मा उपस्थिति | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्वयम् | प्रोक्सी मार्फत | भिडियो कन्फरेन्स मार्फत | | | |
| संस्थापक शेयरधनी | ३३५ | ७७,४४,००४.०७ | ४६ | १२८ | १ | १७५ | ५६,८२,१७३ | ५२.१४ |
| सर्वसाधारण शेयरधनी | ३१,४३८ | ३३,१८,८५८.३१ | ५० | ९ | - | ५९ | ८६,३०४ | |
| **जम्मा** | **३१,७७३** | **१,१०,६२,८६२.३८** | **९६** | **१३७** | **१** | **२३४** | **५७,६८,४७७** | |

(संस्थापक समूह तर्फ स्वयम् उपस्थित ४६ जनाको २२,३६,६२३ कित्ता, भिडियो कन्फरेन्स मार्फत १ जनाको १,२०,५४१ कित्ता, प्रोक्सी मार्फत १२८ जनाको ३३,२५,००९ कित्ता तथा सर्वसाधारण समूह तर्फ स्वयम् उपस्थित ५० जनाको ४६,४८२ कित्ता, प्रोक्सी मार्फत ९ जनाको ३९,८२२ कित्ता)

**च. गणपुरक संख्या तथा सभाको बैधानिकता :**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२ पौष ८ गते बसेको २४१औं बैठकको निर्णयानुसार १४औं बार्षिक साधारण सभाको सूचना मिति: २०८२ पौष ९ गते न्यूज ट्वान्टी फोर राष्ट्रिय दैनिकमा र पुन: मिति २०८२ पौष २८ गते दोश्रो पटक न्यूज ट्वान्टी फोर राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरुलाई सभा बारे जानकारी गराइएको थियो । शेयरधनीहरुको सुविधाका लागि SMS मार्फत जानकारी सहित वार्षिक प्रतिवेदनको Link पठाइएको तथा Website मा प्रकाशन गरिएको थियो । त्यस्तै, QR Code लाई दोश्रो पटक प्रकाशित सूचनामा प्रकाशन गरी Scan को माध्यमबाट वार्षिक प्रतिवेदन प्राप्त गर्न सकिने व्यवस्था गरिएको तथा कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण मिति २०८२ पौष ९ गतेको न्यूज ट्वान्टी फोर राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो । कम्पनी ऐन, प्रचलित कानून तथा वित्तीय संस्थाको नियमावलीको नियम २३ बमोजिम सभा सञ्चालनको लागि गणपूरक संख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्ने व्यवस्था रहेको छ । सो अनुरुप कुल शेयर संख्याको स्वयं, भिडियो कन्फरेन्स तथा प्रोक्सी मार्फत ५२.१४ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली अनुसार साधारण सभा बैधानिक भएको सभालाई जानकारी गराइयो ।

**छ. सभाको अध्यक्षता तथा आसन ग्रहण :**

साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम कम्पनी सचिवको अनुरोधमा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री लेखनाथ खनियाले सभा अध्यक्षको आसन ग्रहण गर्नु भयो । त्यस पछि सभामा उपस्थित सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत तथा आमन्त्रित व्यक्तिहरुलाई आसन ग्रहण गराइएको थियो । विशेष कारणवस भिडियो कन्फरेन्सको (गुगल मिट) माध्यमबाट उपस्थित हुने सञ्चालक श्री बिन्दीया श्रेष्ठ प्रधानलाई समेत यथास्थानमा आसन ग्रहण गराइएको थियो । तत्पश्चात् वित्तीय संस्थाका कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, आमन्त्रित निकायका प्रतिनिधीहरु तथा कर्मचारीहरुलाई वित्तीय संस्थाको तर्फबाट स्वागत सहितको अभिवादन गर्नु भयो ।

२. **छलफलका विषयहरु.:**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, २०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०८२/८३ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ६७.२९ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ३२.७१ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. भविष्यमा अन्य लघुवित्त संस्थासँग मर्जर तथा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग मर्जर/प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविध प्रस्ताव:**

३. **सभाको प्रारम्भ :**

मिति २०८२ साल पौष ८ गते बसेको सञ्चालक समितिको २४१औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम १४औं बार्षिक साधारण सभामा छलफलको लागि पूर्व निर्धारित विषयहरु अन्तर्गतका प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिवले जानकारी गराउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुत :**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री लेखनाथ खनियाले १४औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथ सञ्चालक समितिको तर्फबाट आ.व.२०८१/८२ को प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु आदि सहितको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. **छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु :**

सभामा प्रस्तुत भएका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्वन्धमा कुनै जिज्ञासा तथा सुझाव भए मौखिक/लिखित जानकारी गराउनु हुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । सभामा उपस्थित शेयरधनीहरु क्रमशः १. श्री नरेन्द्र कुमार प्रसाई, २. श्री गुडाखर सापकोटा र ३. श्री बिमला उपाध्याय घिमिरेले वित्तीय संस्थाको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

६. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश :**

- शेयर स्वामित्व परिवर्तनमा कति पहल भएको छ भन्नेमा व्यवस्थापन र सञ्चालक समितिबाट जवाफ आओस् । १० वर्ष पुरा भइसकेपछि ऐन, कानून, नेपाल राष्ट्र बैंकको निर्देशन पालना भए पछि किन २ प्रतिशत मात्र शेयर स्वामित्व परिवर्तन गर्‍यौं ? नेपाल राष्ट्र बैंकले सबै कम्पनीलाई एउटै बनाइसकेपछि एउटाले के पाउने अर्कोले के पाउने भन्नेमा हाम्रो पहल पुगेन की भन्ने लाग्छ ।
- नाफा हुँदा हुँदै पनि विभिन्न कारणले धेरै Provision गर्नु परेको देखिन्छ ।
- संस्था बलियो बनाउन मर्जरको एजेण्डा ठिक छ तर सप्तकोशीमा सात वटा नदीको पानी छुट्याउने काम हुन्छ भने नेपाल राष्ट्र बैंकलाई पहिले मर्जरको औचित्य सोधौं । पाँच वटा संस्था मर्जर स्वीकृति दिएर नेपाल राष्ट्र बैंकले सूर्योदय वोमीको नाममा ल्यायौं तर अहिले नेपाल राष्ट्र बैंकले संस्था छुट्याउन लगाएको छ । सूर्योदय वोमीको शेयर खरिद गर्ने शेयरधनीलाई के जवाफ दिने, कुन कम्पनीको शेयर किनेको भनेर कसरी जवाफ दिन सकिन्छ ? मर्जर पश्चात् स्वीकृति प्राप्त प्रबन्ध पत्र तथा नियमावली मान्य हुन्छ या हुदैन ? नेपाल राष्ट्र बैंकलाई सोधौं ।
- कर्जा सापटी रकम घटाएका छौ तर सापटी बढाएर कर्जा लगानी विस्तारको लागि मार्केटिङ्ग बढाउनु जरुरी देखिन्छ ।
- लाभांशको रेकर्ड ब्रेक हुँदा संस्थामा काम नै भएन कि जस्तो देखिन्छ ।
- कर्मचारीमा नैराश्यता छाएको हो की ? कर्मचारीले काम छल्ने प्रवृत्ति बढेको हो की ? कर्मचारीको योगदानले NPL घट्ने हो तर कर्मचारीको गुनासो गर्न नपरोस् ।
- किन जगेडा कोष ३० प्रतिशतले नकारात्मक देखियो ?
- पुनरसंरचनाको लागि ३० करोड ३१ लाख Reserve गर्नु पर्दा हाम्रो हात खाली भयो, बोनस शून्य, नाफा विना इतिहासमा पहिलो पटक साधारण सभा गरिरहेछौं । अर्को वर्ष पुनरसंरचनाको गणना नेपाल राष्ट्र बैंकले कसरी गर्ला र Reserve राख्नु पर्‍यो भने नाफामा असर गर्छ कि गर्दैन ? हाम्रो अनुमान के छ ? पुनरसंरचनाको कर्जा कति छ ?
- नेपाल राष्ट्र बैंकको निर्देशनले विगतमा Loan Loss Reserve नगरेको भएर लेखेको जस्तो सिरियस देखिन्छ ।
- मर्जर गरेर एक ठाउँमा हुन्छौ, एउटा परिवार हुन्छौ भनेर सोचेका थियौ तर अनुगमन, निर्देशन गर्ने निकायले एक हुन नदिएको महशुस गर्ने वातावरण आज आएर बन्यो । नेपाल राष्ट्र बैंकले कारोवार गर्न एक भएको हो खाने बेलामा छुट्टा-छुट्टै वा जन्म मिति संस्था पिच्छे छुट्टा-छुट्टै हो भनेर भन्दिएको जस्तो भयो । मर्जरको Norms नै बुझ्न सकिएन ।
- हाम्रो इतिहास मेटियो, कम्तिमा अर्को वर्ष लाभांशको रुपमा शेयरधनीहरुको चित्त बुझाउन केही नगद लाभांश दिनुपर्‍यो ।
- कर्मचारी एउटै परिवार बनेर एक होऔ भनेर धारणा बनाएर संस्था चलाउन पर्छ । संस्था सुदृढ गर्न सबैको ध्यान जान जरुरी छ ।

७. **शेयरधनी महानुभावहरुको सुझाव तथा जिज्ञासाको जवाफ :**

शेयरधनीहरुबाट उठाइएका जिज्ञासा तथा सुझावहरुको सम्बन्धमा सभाका अध्यक्ष श्री लेखनाथ खनिया तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री मोक्ष प्रसाद पंगेनीले जवाफ दिनुभयो । सभामा उपस्थित शेयरधनी महानुभावहरुबाट प्राप्त भएका सम्पूर्ण सुझाव तथा जिज्ञासाहरु मननयोग्य भएको र आगामी दिनमा मुनाफामा केन्द्रित गराउन, उन्नती प्रगतिको लागि उर्जा मिलेको जानकारी गराउँदै प्राप्त सुझावहरुलाई यथासक्य सम्भव भएसम्म क्रमशः कार्यान्वयन गर्न सञ्चालक समिति एवं व्यवस्थापन प्रतिवद्ध रहेको जानकारी सभामा व्यक्त गर्नुभयो । जिज्ञाशा सम्बोधनका क्रममा निजहरुले व्यक्त गर्नु भएको मन्तव्यको सार देहाय बमोजिम रहेको छ ।

- वित्तीय संस्थाले राज्यलाई स्थापना कालदेखि ५१ करोड भन्दा बढी कर वापत योगदान गरेको छ ।
- २०७२ साल देखि निरन्तर लाभांश वितरण गरेकोमा यस वर्ष शेयरधनीलाई लाभांश दिन नसक्दा दुःख लागेको छ । पुनरसंरचना गरिएको कर्जामा नेपाल राष्ट्र बैंकको निर्देशानुसार भाखा नाघेको दिनको आधारमा कर्जा नोक्सानी व्यवस्था गर्नु परेको हुँदा नाफामा असर पर्न गएको छ । चालु आर्थिक वर्षमा नाफामा भएको सकारात्मक बृद्धिले लाभांश वितरण गर्न सकिने ।
- वित्तीय संस्था समग्र लघुवित्त संस्थाहरु मध्ये पूँजीको हिसावमा १३औं, सापटीमा १६औं, वचत परिचालनमा ९औं, कर्जामा १३औं, कर्मचारी संख्यामा ११औं, शाखा सञ्जालमा ८औं, ऋणी सदस्यमा १२औं स्थानमा रहेका छौं । निष्कृय कर्जा अहिले बढेको छ, निष्कृय कर्जा र पुनरसंरचना तर्फको कर्जा व्यवस्थापन चुनौतीपूर्ण देखिएको छ ।
- कोषको लागत र कर्मचारी खर्च घटेको छ । वित्तीय विवरणमा यस वर्ष सुधार गरी मुनाफा बृद्धि गर्न प्रतिवद्ध छौं ।
- जगेडा कोषबाट नियमानुसार पूँजीमा बोनस शेयरलाई पूँजीकृत गरिएको छ । जगेडा कोष ऋणात्मक भएको छैन ।
- संस्थापकको ७० प्रतिशत भन्दा बढी भएको अनुपातलाई FPO को माध्यमबाट शेयर संरचना मिलाइयो । त्यसपछि शेयर कन्भर्सनका लागि निरन्तर १५ महिनासम्म पहल गऱ्यौं । नेपाल राष्ट्र बैंकको निर्देशानुसार संस्था छुट्याउने काम भएको हो । आगामी दिनमा पुनः शेयर कन्भर्सनका लागि थप पहल गर्ने छौं ।
- निक्षेप तथा कर्जा सुरक्षण कोष र नेपाल राष्ट्र बैंकको निर्देशनमा फरक परेको कारण कर्जा नोक्सानी सम्वन्धमा थप निर्देशन आएको देखिन्छ ।
- कर्मचारीको सुविधा कम छैन तर लामो समयदेखि सेवा सुविधामा सम्बोधन नहुँदा केही नैराश्यता देखिएको हुन सक्छ । संस्थाको वित्तीय विवरणमा हुने सकारात्मक परिवर्तन र संस्थाको उमेर बृद्धिमा क्रमशः सम्बोधन गर्न सकिने योजना लिइएको छ ।
- भविष्यमा सतर्कता पूर्वक मर्जर गर्ने योजनाका लागि प्रस्ताव गरिएको छ ।

समग्र वैकिङ्ग क्षेत्रले सामना गरिरहेको चुनौतीपूर्ण अवस्थामा सुधार हुँदै जाँदा आगामी दिनमा शेयरधनी महानुभावहरुबाट प्राप्त सल्लाह सुझावलाई मार्गदर्शनका रुपमा लिएर अगाडि बढ्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नुभयो ।

८. **सभाबाट भएका निर्णयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१।८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारित भयो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, २०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, २०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु पारित गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुबाट सर्वसम्मतिले पारित गऱ्यो ।

**३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०८२/८३ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्ने लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR लगायत Statutory Auditor ले गर्नुपर्ने सम्पूर्ण कार्यहरु) गर्न लेखापरीक्षण समितिबाट सिफारिस भएका तिन वटा प्रस्तावहरु मध्ये सभाले तुलनात्मक रुपमा उपयुक्त देखिएको श्री ए.एस.यु.एस.एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टसलाई नियुक्ती गर्ने तथा निजलाई लेखापरीक्षण गरे वापत मूल्य अभिवृद्धि कर सहित पारिश्रमिक रु.७,५०,०००।- (अक्षरेपी सात लाख पचास हजार मात्र) प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

**ख. विशेष प्रस्तावहरु :**

**१. संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ६७.२९ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ३२.७१ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

सभामा प्रस्तुत भएको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ६७.२९ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ३२.७१ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने विशेष प्रस्तावलाई सभाबाट सर्वसम्मतिले स्वीकृत गरी पारित गऱ्यो । संस्थापक तर्फको शेयरलाई सर्वसाधारणमा परिणत गर्न नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृति बमोजिम हुने गरी तपसिल बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने क्रममा साविकको सूर्योदय लघुवित्त वित्तीय संस्था तर्फका संस्थापकहरुको २९९,९२३.२४ कित्ता संस्थापक शेयरलाई सर्वसाधारणमा परिवर्तन गर्ने विशेष प्रस्तावलाई सभावाट सर्वसम्मतिले स्वीकृत गरी पारित गऱ्यो । संस्थापक तर्फको शेयर सर्वसाधारणमा परिणत गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत कायम गर्ने प्रस्तावलाई सभावाट सर्वसम्मतिले स्वीकृत गरी पारित गऱ्यो । साथै, नेपाल राष्ट्र बैंकवाट "घ" बर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १० को बुदा नं. १३ (ग) मा भएको व्यवस्था बमोजिम संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा नियमानुसार परिर्वतन गर्दा संस्थापक वा संस्थापक समूहको शेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायमै रहनु पर्ने भन्ने व्यवस्था रहेकोमा हालको Share Conversion पश्चात् संस्थापक शेयरको अनुपात ६७.२९ प्रतिशत मात्र कायम रहने साथै साविक सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडका शेयरधनीहरुको संस्थापक शेयर मध्ये ९ प्रतिशत शेयर नियमानुसार सर्वसाधारण शेयरमा परिणत गर्ने कार्य अझै बाँकी नै रहने हुँदा सोही निर्देशन नं. १० को बुँदा नं. १३ (च) मा भएको व्यवस्था बमोजिम संस्थापक शेयरलाई दोस्रो पटकको लागि नियमानुसार पूर्व स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा प्रक्रिया अगाडि बढाउने लगायत सोसँग सम्बन्धित आवश्यक विवरण तथा कागजपत्रहरु तयार गर्ने, सम्बन्धित निकायहरुबाट यस सम्वन्धमा कुनै प्रकारको निर्देशन एवम् सुझावहरु प्राप्त भएमा सो समेत समायोजन गरी पुनः Share Conversion को प्रक्रिया अघी बढाउने गरी वित्तीय संस्थाको सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय समेत सभाबाट पारित भयो ।

**प्रबन्ध पत्र तर्फको संशोधन**

<u>दफा ६ (घ)</u>

वित्तीय संस्थाको सेयर संरचना जारी पुँजीको संस्थापक तर्फ ६७.२९ प्रतिशत तथा सर्वसाधारण तर्फ ३२.७१ प्रतिशत हुनेछ ।

**नियमावली तर्फको संशोधन**

<u>नियम ७ (२) (क)</u>
संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६७.२९ प्रतिशत हुनेछ ।

<u>नियम ७ (२) (ख)</u>
सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको सेयर स्वामित्व ३२.७१ प्रतिशत हुनेछ ।

२. **भविष्यमा अन्य लघुवित्त संस्थासँग मर्जर तथा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग मर्जर/प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सभामा प्रस्तुत भएको भविष्यमा अन्य लघुवित्त वित्तीय संस्थासँग मर्जर तथा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग मर्जर/प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित भयो ।

३. **उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

सभामा प्रस्तुत भएको विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य कार्यालयबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सभाबाट सर्वसम्मतिले पारित गऱ्यो ।

**ग. विविध प्रस्ताव:**

कुनै पनि प्रस्ताव पेश नभएको ।

९. **सभाको समापन :**

पूर्व निर्धारित विषय-सूचिहरु उपरको छलफल तथा प्रस्तुत प्रस्तावहरु पारित भएको र विविध अन्तर्गत छलफलको विषय नभएकोले सभाका अध्यक्ष श्री लेखनाथ खनियाले सभामा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकहरु, पदाधिकारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै चौधौं वार्षिक साधारण सभा दिउँसो २:४५ बजे समापन भएको घोषणा गर्नुभयो ।

प्रमेश आचार्य
कम्पनी सचिव

लेखनाथ खनिया
अध्यक्ष

मिति : २०८२ साल पौष ३० गते, बुधबार ।